श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

भूमिसुधार मन्त्रालयका सचिव श्री नारायण विक्रम शाह क्यानेडियन अन्तर्राष्ट्रिय विकास संस्थाको निमन्त्रणामा भूमिस्रोत नक्शा आयोजनाको समीक्षा बैठकमा भाग लिन मिति २०४०।१।१८ मा क्यानाडातर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री बोधनाथ चालिसेलाई मिति २०४०।१।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

उद्योग मन्त्रालयका सचिव श्री ईश्वरीलाल श्रेष्ठ ए. पी. ओ. को गभर्निङ वडीको २५ औं बैठकमा भाग लिन मिति २०४०।१।३१ मा फिलिपिन्सको राजधानी मनिलातर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जीवनलाल सत्याललाई मिति २०४०।२।१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ध्रुववर सिंह थापा जापानको राजधानी टोकियोमा हुने एशियाली अफ्रिकी कानून परामर्शदातृ समितिको २३ औं अधिवेशनमा भाग लिन मिति २०४०।१।३१ मा त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री ईश्वरबहादुर श्रेष्ठलाई मिति २०४०।२।१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री एमरल्ड जंग राणा संयुक्त राज्य अमेरिकाको एन आवोरमा हुने रिमोट सेन्सिङ अफ् इन्भ्वारनमेण्ट विषयको सत्रौं अन्तरराष्ट्रिय सम्मेलनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री बोधनाथ अधिकारीलाई मिति २०४०।१।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

मुद्रण विभाग, सिंहदरबार (watermark)
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१

# भूलसुधार

नेपाल राजपत्र खण्ड ३३ मिति २०४०।१।२६ संख्या ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको साबिक पद र कार्यालयको महलमा निम्नानुसार भूलसुधार गरिएको छ ।

| पृष्ठ | सि.नं. | हुनुपर्ने | भएको |
|---|---|---|---|
| ८ | ३३ | शाखा अधिकृत, घरेलु तथा ग्रामीण उद्योग विभाग । | शाखा अधिकृत, घरेलु उद्योग विभाग । |
| १९ | ३४ | शाखा अधिकृत, जिल्ला कार्यालय, सीमा प्रशासन शाखा, सोलुखुम्बु । | शाखा अधिकृत, जिल्ला कार्यालय, जिल्ला कार्यालय सीमा प्रशासन शाखा, सोलुखुम्बु । |

सामान्य प्रशासन मन्त्रालय

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।